# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. चिरंजीबि नेपालद्वारा तालिम कार्यक्रम उद्घाटन



गभर्नर डा. चिरंजीबि नेपालले असोज १० गते भक्तपुरमा Development on Rural Financing Institutions and Cooperatives विषयक तालिम कार्यक्रमको उद्घाटन गर्नुभयो । Centre for International Cooperation and Training in Agricultural Banking (CICTAB), Pune, India, नेपाल राष्ट्र बैंक, विभिन्न वाणिज्य बैंकहरू तथा वित्तीय क्षेत्रसँग सम्बन्धित संस्थाहरूको संयुक्त आयोजनामा सञ्चालित सो ५ दिने तालिममा भारत, बंगलादेश र नेपालका प्रशिक्षार्थीहरूको सहभागिता रहेको छ ।

कार्यक्रम उद्घाटन पश्चात् प्रमुख अतिथि गभर्नर डा. नेपालले लघुवित्त वित्तीय संस्था तथा सहकारी संस्थाहरूले ग्रामीण क्षेत्रलाई कार्यक्षेत्र बनाएर देशको गरिबी निवारणका लागि कार्य गरिरहेको चर्चा गर्नुभयो । वित्तीय क्षेत्रमा कार्यरत संस्थाका कार्यहरूको प्रभावकारिता सम्बन्धमा प्रकाश पार्नुहुँदै उहाँले वित्तीय विस्तार र स्थायित्वका लागि नेपाल राष्ट्र बैंकले अपनाएका नीतिहरूको जानकारी पनि सो अवसरमा दिनुभयो । *(गभर्नर डा. चिरंजीबि नेपालले दिनु भएको मन्तव्य (सम्बोधन) को पूर्ण अंश* www.nrb.org.np *अन्तर्गत* Governor's Speeches *मा राखिएको छ )*

२०७३ असोज १०, सोमबार

गभर्नरको कार्यालय